# नेपाल सेवा लघुवित्त वित्तीय संस्थाको

# वार्षिक बजेट समीक्षा गोष्ठी एवं तालिम कार्यक्रम सम्पन्न



नेपाल सेवा लघुवित्त वित्तीय संस्था लि. ले आयोजना गरेको आर्थिक वर्ष २०७५/७६ को वार्षिक बजेट समीक्षा गोष्ठी एवं तालिम कार्यक्रम साँखु, काठमाडौं स्थित फ्रेण्ड्स अफ साँखुको सभा कक्षमा यही २०७६ साल जेष्ठ ५ गतेका दिन सम्पन्न भएको छ । उक्त कार्यक्रममा संस्थाका सम्पूर्ण शाखाका प्रबन्धकहरु लगायत क्षेत्रीय प्रबन्धकहरुको सहभागिता रहेको थियो ।



उक्त कार्यक्रमको शुभारम्भ गर्नुहुँदै संस्थाका अध्यक्ष श्री मदन गोपाल श्रेष्ठले लघु वित्तको क्षेत्रमा देखिएको चुनौतीहरुको विषयमा प्रकाश पार्नु हुँदै त्यस्ता चुनौतीहरुको सामना गर्दै अघि बढ्न कर्मचारीहरुलाई निर्देशन दिनु भएको थियो । नेपाल सेवा लघुवित्त वित्तीय संस्थाको सेवालाई अझ विस्तार एवं बृद्धि गर्दै जान सीमान्तवर्गका जनताको आर्थिक बृद्धि एवं सेवाको गुणस्तरलाई बृद्धि गर्नुपर्ने कुरामा वहाँले प्रकाश पार्नु भएको थियो ।

उक्त गोष्ठी कार्यक्रमको उद्देश्य एवं आवश्यकताको विषयमा संस्थाका वरिष्ठ प्रबन्धक श्री प्रदिप कोइरालाले प्रकाश पार्नु भएको उक्त कार्यक्रमको सञ्चालन संस्थाका कनिष्ठ अधिकृत श्री चक्र बहादुर लामाले गर्नु भएको थियो ।

गोष्ठीमा संस्थाको चालु आर्थिक वर्षको बजेट एवं कार्य प्रगतिको विषयमा समीक्षा गर्दै आगामी आर्थिक वर्ष २०७६/०७७ को कार्यक्रम एवं बजेट तर्जुमा विषयमा विस्तृत रुपमा छलफल भएको थियो । शाखाका प्रबन्धकहरु प्रत्येकले आ-आफ्नो शाखाको प्रगति विवरण पेश गर्नुको साथै आगामी आर्थिक वर्षको लागि कार्यक्रमहरु समेत प्रस्तुत गनुभएको थियो । साथै, उक्त कार्यक्रममा ग्राहक सदस्यहरुले उठाउने गरेका समस्याहरु लगायत कर्मचारीहरुले भोगेका समस्याको विषयहरुमा समेत छलफल भएको थियो ।

यस संस्थाका शाखाहरुले यस आर्थिक वर्ष २०७५/७६ सालमा सम्पन्न गरेको कार्य एवं हासिल गरेका लक्ष्यहरुको विश्लेषणको आधारमा फटकशीला शाखा कार्यालयलाई "Branch of the year 2075" घोषणा गरी सो शाखाका प्रबन्धक श्री सुवास श्रेष्ठलाई तथा कार्यकुशलता, कार्य सम्पादन, आचरण एवं लक्ष्य हासिलको आधारमा वेलकोटगढी-७, नुवाकोट स्थित रातमाटे शाखाका प्रबन्धक श्री भरत वि.क. लाई "Branch manager of the year 2075" घोषणा गरी प्रमाणपत्र सहित नगद पुरस्कार प्रदान गरिएको थियो । उक्त पुरस्कार यस संस्थाको सञ्चालक समितिका सदस्य एवं कर्मचारी सेवा सुविधा समितिका संयोजक श्री कुमार राज जोशीले प्रदान गर्नु हुँदै आगामी दिनहरुमा अन्य विधाहरुमा समेत यस्ता पुरस्कार वितरण गर्दै लगिने हुँदा कर्मचारीहरुलाई लगनशील भई कार्य गर्दै जान र संस्थाले दिएको लक्ष्य हासिल गर्न शाखा प्रमुखहरुलाई निर्देशन समेत दिनु भएको थियो ।







उक्त कार्यक्रममा शाखा प्रबन्धकहरुलाई मनी इन्भेष्टमेण्ट कम्पनी प्रा. लि. ले तालिम समेत प्रदान गरिएको थियो । उक्त तालिम कार्यक्रममा शाखा प्रबन्धकहरुको महत्व लगायत नेपाल राष्ट्र बैंकले जारी गरेको सुशासन सम्बन्धी निर्देशन, कर्मचारी प्रशासन विनियमावली एवं समय व्यवस्थापन तथा संचार व्यवधानको विषयमा स्रोतव्यक्तिको रुपमा नेपाल राष्ट्र बैंकका पूर्व निर्देशक श्री बसन्त बहादुर शाक्यले आफ्नो कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । त्यस्तै, लघु वित्तमा कर्जा सम्बन्धी व्यवस्था एवं त्यसले संस्थाको वित्तीय स्थितिमा पार्ने प्रभावको विषयमा स्रोतव्यक्तिको रुपमा श्री मधुवन लाल श्रेष्ठले आफ्नो कार्यपत्र प्रस्तुत गर्नु भएको थियो भने संस्थाको कारोवारमा Day-end तथा सूचना प्रविधको महत्वको विषयमा संस्थाका अधिकृत श्री राकेश श्रेष्ठले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । उक्त कार्यक्रममा संस्थाका सम्पूर्ण शाखा प्रबन्धकहरुले आ-आफ्नो शाखाको हरेक दिनको Day-end सोही दिनमा नै सम्पन्न गर्ने प्रतिवद्धता समेत व्यक्त गर्नु भएको थियो ।




उक्त गोष्ठी एवं छलफल कार्यक्रममा उठेका विभिन्न विषयहरु उपर प्रकाश पार्दै संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री उद्धवचन्द्र श्रेष्ठले सम्पूर्ण कर्मचारीले संस्थाको नीति नियममा रही एकतावद्ध रुपमा सहकार्य गर्न र लगनशील भई आ-आफ्नो कर्तव्यको पालना, गर्दै संस्थालाई अझ अगाडि बढाउँदै लान निर्देशन दिनुहुँदै कार्यक्रम समापन भएको घोषणा गर्नु भएको थियो ।